आज मिति २०८३ साल श्रावन २२ गते शुक्रबारका दिन जैमिनी नगरपालिकाका नगर प्रमुख श्री नर बहादुर पुनज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको ६३ औं बैठक देहाय बमोजिमको उपस्थितिमा बसी निम्नानुसारका निर्णय गरियोः

उपस्थिति

| क्र. सं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री नर बहादुर पुन | |
| २ | नगर उपप्रमुख | श्री हरिहर शर्मा | |
| ३ | वडा अध्यक्ष वडा नं १ | श्री विष्णु प्रसाद आचार्य | |
| ४ | वडा अध्यक्ष वडा नं २ | श्री प्रेम सापकोटा | |
| ५ | वडा अध्यक्ष वडा नं ३ | श्री कृष्ण बहादुर भुजेल | |
| ६ | वडा अध्यक्ष वडा नं ४ | श्री चक्र बहादुर थापा | |
| ७ | वडा अध्यक्ष वडा नं ५ | श्री ठग बहादुर क्षेत्री थापा | |
| ८ | वडा अध्यक्ष वडा नं ६ | श्री कृष्ण बहादुर थापा | |
| ९ | वडा अध्यक्ष वडा नं ७ | श्री केन्द्र बहादुर सुनार | |
| १० | वडा अध्यक्ष वडा नं ८ | श्री बिमल श्रीस राना | |
| ११ | वडा अध्यक्ष वडा नं ९ | श्री सन्दिप थापा | |
| १२ | वडा अध्यक्ष वडा नं १० | श्री श्रीप्रसाद थापा | |
| १३ | कार्यपालिका सदस्य | श्री भगवती शर्मा सापकोटा | |
| १४ | कार्यपालिका सदस्य | श्री चिन्तामणि दर्जी | |
| १५ | कार्यपालिका सदस्य | श्री दुर्गा देवी पाध्या | |
| १६ | कार्यपालिका सदस्य | श्री लाल बहादुर परियार | |
| १७ | कार्यपालिका सदस्य | श्री भरत वि.क | |
| १८ | कार्यपालिका सदस्य | श्री शान्तकला शर्मा | |
| १९ | कार्यपालिका सदस्य | श्री गीता कुमारी वि.क | |
| २० | कार्यपालिका सदस्य | श्री शान्ती सुनार | |
| | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | श्री रमेश पाण्डेय | |

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०...

## नगर कार्यपालिकाको ६३ औं बैठकका प्रस्ताव सुची

मिति: २०८३।०४।२२

१. "कृषि तथा पशुपन्छी विकास कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०८३" स्वीकृत सम्बन्धमा।
२. "कृषि तथा पशुपन्छीको कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८२" संशोधन सम्बन्धमा ।
३. कक्षा ६ को स्थानीय विषय "हाम्रो जैमिनी" स्वीकृत गर्ने सम्बन्धमा ।
४. नगर शिक्षा योजना, २०८३ स्वीकृत एवम् कार्यान्वयन सम्बन्धमा ।
५. प्राविधिक विषय छात्रवृत्ति कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०७५ संशोधन सम्बन्धमा ।
६. बालमैत्री नगर घोषणामा नगर/वडा सहजकर्ताको जिम्मेवारीमा रहेका शिक्षकलाई घोषणा पश्चातको दिगोपनाका लागि निरन्तरता दिने सम्बन्धमा ।
७. विद्यालयमा "दिवा खाजा मेनु" स्वीकृति तथा कार्यान्वयन सम्बन्धमा ।
८. वडा नं ८ कालीगण्डकी करिडोर भुनेवा ढाव हुँदै वडा कार्यालय जाने दिगो सडक मर्मत सम्बन्धमा।
९. बार्षिक कार्यक्रम कार्यान्वयन कार्यतालिका, २०८३ स्वीकृत गर्ने सम्बन्धमा।
१०. जैमिनीकी छोरी कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ मा संशोधन सम्बन्धमा।
११. विविध

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

## निर्णयहरु

प्रस्ताव नं १

"कृषि तथा पशुपन्छी विकास कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०८३" स्वीकृत सम्बन्धमा ।

निर्णय नं. १: प्रस्तुत प्रस्तावमाथि छलफल गर्दा जैमिनी नगरपालिकाको आर्थिक विकास समितिको मिति २०८३।०४।२० गते बसेको बैठकको निर्णयबाट स्वीकृतिका लागि सिफारिस सहित प्राप्त नगरपालिकाको सङ्लग्नबमोजिमको नयाँ "कृषि तथा पशुपन्छी विकास कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०८३" स्वीकृत गर्ने।

साथै, कार्यविधिमा समावेश कार्यक्रमहरूको कार्यान्वयन पारदर्शी, प्रभावकारी, न्यायोचित तथा परिणाममुखी हुनेगरी सञ्चालन गर्न सम्बन्धित शाखालाई निर्देशन दिने।

प्रस्ताव नं २

"कृषि तथा पशुपन्छीको कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८२" संशोधन सम्बन्धमा ।

निर्णय नं. २: जैमिनी नगरपालिकाको "कृषि तथा पशुपन्छी कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८२" लाई समयसापेक्ष, व्यवहारिक तथा प्रभावकारी वनाउन आवश्यक सुधार तथा परिमार्जन गर्न आर्थिक विकास समितिको मिति २०८३।०४।२० गते बसेको बैठकबाट सिफारिस सहित अनुरोध भएकाले निम्नानुसारको कार्यविधिमा देहायबमोजिम संशोधन गर्ने:

| क्र. सं. | संशोधन हुने दफा/उपदफा/बुँदा | साविक व्यवस्था | प्रस्तावित संशोधन |
|---|---|---|---|
| १ | दफा ६, उपदफा (झ), बुँदा नं. ५ | कृतिम गर्भाधानकर्ताले शाखा प्रमुखको अनुसूची २ बमोजिमको लिखित आदेश बिना नि-शुल्क कृतिम गर्भाधान गर्नु हुँदैन । | कृतिम गर्भाधानकर्ताले प्रमुख प्रशासकीय अधिकृतको अनुसूची २ बमोजिमको लिखित आदेश बिना नि-शुल्क कृतिम गर्भाधान गर्नु हुँदैन । |
| २ | दफा ६, उपदफा (झ), बुँदा नं. ५ सँग सम्बन्धित अनुसूची २ | अनूची-२ निशुल्क कृतिम गर्भाधान गर्नुपुर्व लिने स्वीकृत फारम (लिखित आदेश) मा आदेश दिने आधिकारी शाखा प्रमुख | अनूची-२ः निशुल्क कृतिम गर्भाधान गर्नुपुर्व लिने स्वीकृत फारम (लिखित आदेश) मा आदेश दिने आधिकारी प्रमुख प्रशासकिय अधिकृत |
| ३ | दफा ६, उपदफा (झ), बुँदा नं. ६ | कृतिम गर्भाधान गरेबापत सेवा सुविधा निम्नानुसार हुनेछ ।<br>१. वडा नं १ - रु. ६०० | कृतिम गर्भाधान गरेबापत सेवा सुविधा निम्नानुसार हुनेछ ।<br>१. वडा नं १ - रु. ७२० |

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुस्मीसेरा, बागलुङ
२०७३

| | | | |
|---|---|---|---|
| | | २. वडा नं २,४,५ - रु.७०० | २. वडा नं २,४,५ - रु.८४० |
| | | ३. वडा नं ६,९ - रु.८०० | ३. वडा नं ६,९ - रु. ९६० |
| | | ४. वडा नं ३,७,१० - रु.१००० | ४. वडा नं ३,७,१० - रु.१२०० |
| | | ५. वडा नं ७ - रु.९०० | ५. वडा न ७ - १०८० |

**प्रस्ताव नं. ३**

**कक्षा ६ को स्थानीय विषय "हाम्रो जैमिनी" स्वीकृत गर्ने सम्बन्धमा ।**

यस पालिकास्थित विद्यालयहरुमा आधारभूत तह (कक्षा १-८) मा लागु भएको स्थानीय पाठ्यक्रममा आधारित रही आर्थिक वर्ष २०८२।८३ मा तर्जुमा गरिएको कक्षा ६ को स्थानीय विषय "हाम्रो जैमिनी" पाठ्यपुस्तक स्वीकृत गर्ने ।

**प्रस्ताव नं. ४**

**नगर शिक्षा योजना, २०८३ स्वीकृत एवम् कार्यान्वयन सम्बन्धमा ।**

आर्थिक वर्ष २०८२।८३ मा तर्जुमा गरिएको जैमिनी नगरपालिकाको पञ्चवर्षिय नगर शिक्षा क्षेत्र योजना (२०८३।८४-२०८७।८८) स्वीकृत गर्ने।

**प्रस्ताव नं. ५**

**प्राविधिक विषय छात्रवृत्ति कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०७५ संशोधन सम्बन्धमा ।**

प्राविधिक विषय छात्रवृत्ति कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०७५ को बुदा नं ६ मा व्यवस्था गरिएको आवासीय खर्च प्रति विद्यार्थी रु. २०००।- (दुई हजार मात्र) लाई संशोधन गरी रु. २५००।- (दुई हजार पाँच सय मात्र) कायम गर्ने ।

**प्रस्ताव नं. ६**

**बालमैत्री नगर घोषणामा नगर/वडा सहजकर्ताको जिम्मेवारीमा रहेका शिक्षकलाई घोषणा पश्चातको दिगोपनाका लागि निरन्तरता दिने सम्बन्धमा ।**

जैमिनी नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गर्नको लागि वडा नं १, ५ र नगरको बालमैत्री सम्पर्क शाखामा गरी ३ जना प्राथमिक तहको शिक्षकलाई सहजकर्ताको जिम्मेवारी दिइदै आएको थियो। घोषणा पश्चातको दिगोपनाका लागि वडा नं १ मा सहजकर्ताको जिम्मेवारीमा कामकाजमा खटिनुभएका शिक्षक श्री विष्णु प्रसाद शर्मालाई वडा नं ४ र वडा नं ५ मा कामकाजमा खटिनुभएका शिक्षक श्री बुद्दि प्रसाद शर्मालाई वडा नं ६ समेतको जिम्मेवारी दिने र नगर सहजकर्ताको रुपमा कामकाजमा खटिनुभएका शिक्षक श्री बिमल पौडेललाई बालमैत्री सम्पर्क शाखामा निरन्तरता दिने निर्णय गरियो ।

रमेश पाण्डेय
प्रमुख प्रशासकीय

**प्रस्ताव नं. ७**

**विद्यालयमा "दिवा खाजा मेनु" स्वीकृति तथा कार्यान्वयन सम्बन्धमा ।**

मिति २०८३।०३।१३ मा पालिकास्थित विद्यालयहरुका प्रधानाध्यापकको बैठकले निर्णय गरी स्वीकृतिका लागि पेश गरेको "दिवा खाज मेनु" स्वीकृत गर्ने र सम्वन्धित निकायमा कार्यान्वयनका लागि पठाउने ।

**प्रस्ताव नं. ८**

**वडा नं ८ कालीगण्डकी करिडोर भुनेवा ढाव हुँदै वडा कार्यालय जाने दिगो सडक मर्मत सम्बन्धमा।**

मिति २०८३/०४/०१ गतेका दिन आएको अविरल बर्षाका कारण जैमिनी नगरपालिका वडा नं ८ कालीगण्डकी करिडोर भुनेवा ढाव हुँदै वडा कार्यालय जाने दिगो सडकमा पहिरो जाँदा कालीगण्डकी करिडोर अवरुद्ध हुनुका साथै वडा नं. ८ प्रवेश गर्ने नाका क्षतिग्रस्त भइ उक्त क्षेत्रमा पूर्ण रुपमा आवागमन बन्द भएको। सडक डिभिजन कार्यालय बागलुङसँगको समन्वयमा पहिरो हटाएर हाल सो खण्डको करिडोर सञ्चालनमा आएतापनि वडा कार्यालय प्रवेश गर्ने मुख्य नाका बन्द नै भएको । नगरपालिका, वडा प्रतिनिधि र सरोकारवालाहरु सहितको प्राविधिक टिमबाट उल्लिखित क्षेत्रको अनुगमन गर्दा सो क्षेत्रमा तत्काल सडक निर्माण गरी सूचारु गर्नुपर्ने र सोको लागि पालिकाको प्राविधिकबाट तयार पारिएको लागत अनुमान अनुसार अनुमानित रु. ४६७४८९.०१/- (अक्षरुपी: चार लाख सतसट्ठी हजार चार सय उनान्नब्बे रुपैया एक पैसा मात्र) खर्च लाग्ने।

प्रस्तुत सन्दर्भमा, विपद्बाट भएको सडक क्षति तत्काल पुनर्निर्माण गरी नागरिकलाई आवतजावतमा सहयोग पुन्याउनुपर्ने भएकोले सडक डिभिजन कार्यालय बागलुङसँगको समन्वय र सहकार्यमा सडक खुलाउने। साथै, उक्त कार्य सम्पादनका लागि चालु आर्थिक वर्षको नगरस्तरका मुख्य सडक मर्मत शिर्षकमा विनियोजित बजेटबाट खर्च लेख्ने निर्णय गरियो ।

**प्रस्ताव नं ९**

**बार्षिक कार्यक्रम कार्यान्वयन कार्यतालिका, २०८३ स्वीकृत गर्ने सम्बन्धमा।**

जैमिनी नगरपालिकाको १९ औं नगरसभा बैठकबाट स्वीकृत चालु आर्थिक वर्ष २०८३/८४ मा कार्यान्वयन हुने सबै आयोजना / कार्यक्रमहरुको समयमै कार्यान्वयन गर्न समयसीमा र कार्यान्वयनको विधि समेत उल्लेख गरी कार्यालयबाट तयार गरिएको बार्षिक कार्यक्रम कार्यान्वयन कार्यतालिका, २०८३ स्वीकृत गर्ने ।

**प्रस्ताव नं १०**

**जैमिनीकी छोरी कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ मा संशोधन सम्बन्धमा।**

जैमिनीकी छोरी कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ मा देहायबमोजिम संशोधन गर्ने:

<u>दफा ४(१) मा संशोधन</u>

जैमिनीकी छोरी कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ को दफा ४ को उपदफा (१) मा रहेको "रु. २,५००/- (दुई हजार पाँच सय रुपैयाँ) को सट्टा रु. ५,०००/- (पाँच हजार रुपैयाँ)" भन्ने शब्दहरू राख्ने ।

<u>दफा ४ मा १(क) थप</u>

दफा ४ (१) को संशोधित व्यवस्थाको कार्यान्वयन संशोधन स्वीकृत मितिबाट लागु हुनेछ ।

०८३।०४।२२

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

CamScanner